नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति :

## प्रेस विज्ञप्ति

आज मिति २०७३।११।८ गते नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयन तथा प्रशासन पुनसंरचना सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको संयोजन तथा समन्वयमा हाल सम्म भए गरेका कार्य उपलव्धि, आगामी कार्ययोजना तथा रणनीति बारेमा जानकारी गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा एक पत्रकार भेटघाट कार्यक्रम सम्पन्न गरिएको छ । नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्य विस्तृतिकरण सम्बन्धी प्रतिवेदन र उक्त प्रतिवेदनको आधारमा प्रशासन पुनः संरचना गर्न आगामी दिनमा गरिने संस्थागत संरचना, संगठनात्मक स्वरुप निर्धारण, दरबन्दि सृजना, जनशक्ति व्यबस्थापन तथा समायोजन, आवश्यक कानून निर्माण, बित्तीय ब्यबस्थापन, क्षमता बिकास लगायतका बिषयमा प्रारम्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका संघियता बिषय हेर्नु हुने सचिव श्री दिनेश कुमार थपलियाले संक्षिप्त जानाकारी गराउनु भएको थियो । सो पश्चात विभिन्न संचारकर्मीहरुबाट उठाइएको जिज्ञासा बारेमा नेपाल सरकारका मुख्य सचिव डा श्री सोमलाल सुबेदीले सबिस्तार प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा प्रस्तुत विषयका सारहरु निम्नानुसार रहेका छन्;

नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयन तथा प्रशासन पुन:संरचनाको लागि आवश्यक नीतिगत, कानूनी, संरचनागत, जनशक्ति व्यबस्थापन, वित्तीय व्यवस्थापन तथा प्रणालीगत अन्तरसम्बन्धको आवश्यक व्यबस्था गरी कार्य सम्पन्न गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको संयोजन र समन्वयमा आवश्यक कार्य भइरहेको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२ चैत्र २६ को निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा उच्चस्तरीय संघीयता कार्यान्वयन तथा प्रशासन पुन: संरचना निर्देशक समिति र नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा संघीयता कार्यान्वयन तथा प्रशासन पुन:संरचना समन्वय समिति गठन भइ उक्त समितिहरुबाट आवश्यक नीतिगत निर्णय एवं निर्देशन भइरहेको छ । नेपाल सरकारले संविधान कार्यान्वयन तथा प्रशासन पुनः संरचनाको कार्यलाइ उच्च प्राथमिकतामा राखी सोही अनुरुप कार्य प्रक्रिया अगाडि बढाएको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित उच्चस्तरीय संघीयता कार्यान्वयन तथा प्रशासन पुन:संरचना निर्देशक समितिको मिति २०७३ भाद्र २१ को बैठकबाट निर्णय भए बमोिजमनेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्य

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

विस्तृतीकरण गरी सो सम्बन्धी प्रतिवेदन नेपाल सरकार मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल बाट मिति २०७३ माघ १८ को बैठक स्वीकृत भएसँगै समग्र पुनःसंरचनाको आधार तयार भएको छ ।

प्रतिवेदन तयारीका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सहसचिवको संयोजकत्वमा करिव ४० जना सहसचिवको प्रत्यक्ष सहभागिता रहने गरी सामाजिक आर्थिक, पूर्वाधार, सुरक्षा तथा शासकीय प्रबन्ध र संवैधानिक निकाय, संसद, कानून र अन्य गरी ५ वटा समूहगत कार्यदल गठन गरिएको थियो। निर्दिष्ट कार्यविधिको अवलम्बन, सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया र सम्बन्धित विज्ञहरुबाट प्राप्त सुझाव तथा नेपाल सरकारका मुख्य सचिवज्यूको मार्गनिर्देशन समेतका आधारमा सो प्रतिवेदन तयार गरिएको हो ।

कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार संघको ८७३, प्रदेशको ५६६ र स्थानीय तहको ३५७ गरी कूल १७९६ कार्य र क्रियाकलाहरुको पहिचान गरिएको छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी उल्लेख गरेको छ। संविधानमा उल्लिखित प्रावधानहरुका आधारमा मुलुकको प्रशासकीय इतिहासमा नै पहिलो पटक यसरी सरकारका तहहरुको कार्य विश्लेषण भएको हो । प्रस्तुत प्रतिवेदनबाट संघ, प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्य जिम्मेवारी थप स्पष्ट हुनुका साथै यसैका आधारमा संघ, प्रदेश र स्थानीय तहको कार्य विभाजन एवं कार्य सम्पादन नियमावली तथा प्रत्येक तहमा रहने संगठन संरचना निर्माण, सँस्थागत व्यवस्था र मिलान, जनशक्ति व्यवस्थापन र समायोजन, प्रत्येक तहको सार्वजनिक वित्तीय व्यवस्थापन, कानूनको निर्माण एवं पुनरावलोकन, वित्तीय संघीयता, स्रोत र साधनको व्यवस्थापन लगायतका विषयहरुमा थप अध्ययन र विश्लेषण गर्न सघाउ पुग्ने र संविधानको सहज कार्यान्वयन भइ संविधानले परिकल्पना गरेका आर्थिक सामाजिक रुपान्तरणका लक्ष्यहरु पुरा गर्न समेत सघाउ पुग्ने विश्वास लिइएको छ । उक्त प्रतिवेदनका आधारमा प्रशासन पुनः संरचनाको भावी कार्य योजना देहाय बमोजिमरहेको छ ।

१. संघ, प्रदेश र स्थानीय तहमा आवश्यक संगठन संरचना, संस्थागत व्यवस्था, दरबन्दी निर्धारण तथा कार्य विवरण तयारी सम्बन्धी कार्य (मन्त्रालय, विभाग, संस्थान, समिति, आयोग,बोर्ड समेत)

२. संघ, प्रदेश र स्थानीय तहमा मानव संशाधन व्यवस्थापन तथा समायोजन सम्बन्धी कार्य

३. वित्तीय संघीयता, अन्तर सरकारी वित्तीय हस्तान्तरण, अनुदान व्यवस्थापन तथा स्रोत परिचालन/व्यवस्थापन सम्बन्धी कार्य

४. संघ, प्रदेश र स्थानीय तहमा ऐन, नियम, कानून, कार्यविधि निर्माण र संशोधन सम्बन्धी कार्य

५. संघ, प्रदेश र स्थानीय प्रत्येक तहमा सार्वजनिक वित्तीय व्यवस्थापन, आर्थिक प्रशासन, आर्थिक नियन्त्रण तथा वित्तीय जोखीम न्यूनीकरण सम्बन्धी कार्य

६. संघ, प्रदेश र स्थानीय तहमा भौतिक पूर्वाधार, स्रोत साधन, सम्पत्ती र दायित्व व्यवस्थापन सम्बन्धी कार्य

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

७. संघ, प्रदेश र स्थानीय तहमा प्रणालीगत अन्तरसम्बन्ध र विवाद समाधान सम्बन्धी कार्य

८. प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारीहरुको हस्तान्तरण, तीनै तहमा कार्य सम्पादन व्यवस्थापन, नतिजाप्रतिको जवाफदेहीता निर्धारण तथा सदाचार पद्धतिको अवलम्बन सम्बन्धी कार्य

मितिः २०७३ फागुन ०८ गते

दामोदर रेग्मी
सहसचिव/ प्रवक्ता